# विपश्यना

साधकहरुका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५५०　　२०६३ चैत्र　　वर्ष २३ अङ्क १२

## धम्मवाणी

*धम्मो हवे  रक्खति धम्मचारिं, धम्मो सुचिण्णे सुखमावहाति ।*
*एसानिसंसो धम्मे सुचिण्णे, न दुग्गतिं गच्छति धम्मचारी ॥*

थेरगाथा ३०३

**धर्माचरण गर्ने ब्यक्तिलाई निश्चित रुपले धर्मले रक्षा गर्दछ। राम्रो प्रकारले गरेको धर्मले सुख नै प्रदान गर्दछ र लाभकर पनि हुन्छ। यस्तो धर्म एउटा आशीर्वाद हो। यस प्रकारको ब्यक्ति कहिल्यै पनि दुर्गतिमा जाँदैन।**

## सही दर्शन र सही वन्दना

दर्शन गर्नु, पूजा गर्नु, वन्दना गर्नु, भक्ति गर्नु आदि सबै दुई प्रकारका हुन्छन् । एउटा सामिष र अर्को निरामिष । भवचक्रमा बाँधिराख्नेलाई सामिष भनिन्छ भने भवचक्रबाट मुक्ति दिलाउनेलाई निरामिष भनिन्छ। विपश्यी साधक जब सत्तिपट्ठान शिविरमा भाग लिन्छन् तब वेदनानुपश्यना गर्दा यी दुई शब्द संग जुधाउदै अभ्यास गर्न सिकाईन्छ। सुखद, दुखद अथवा असुखद, अदुखद सम्वेदनाहरूले जब राग, द्वेष र मोह बनाउँदै लोकचक्र प्रवर्तन गर्दछ भने सामिष सम्वेदना भनिन्छ भने त्यही सम्वेदना अनित्यवोधको आधारमा जब राग, द्वेष  र मोह विहीन गर्न सहायक बन्दछ र धर्म-चक्र प्रवर्तन गर्दछ भने निरामिष भनिन्छ। सम्वेदना त त्यही हो तर हामीले त्यसको प्रयोग कुन प्रकारले गर्यौं त्यसलाई हेरेर सामिष र निरामिष हुन्छ। बन्धनको कारण बन्छ कि मुक्तिको उपाय बन्दछ। यही नियम पूजा गर्दा, दर्शन गर्दा, भक्ति गर्दा, वन्दना गर्दा पनि लागू हुन्छ । भक्तिको मार्गमा भगवानलाई दर्शन गर्नु, भगवानको दर्शन प्राप्त गर्नुमा धेरै महत्व दिइन्छ । एउटा चल्दै आएको मान्यता अनुसार भगवानको दर्शन प्राप्त भयो भने भक्त मुक्त हुन्छ। यो मान्यता एक अर्थमा अत्यन्त ठीक पनि हो र बिल्कुलै बेठीक पनि हो। यदि दर्शन निरामिष छ भने भक्त अवश्य मुक्त हुन्छ। तर सामिष छ भने मुक्तिबाट टाढा र भव बन्धनमा बाँधिने हुन्छ ।

जब कोही व्यक्तिले भगवानको सजीव शरीरको दर्शन गरेर त्यसको रुप-सौन्दर्यमा मोहित भएर रह्यो भने त्यो दर्शन सामिष हुन्छ । जब शरीरको दर्शन गरेर भगवानको गुणहरूको सम्झना गर्दछ र त्यही गुणलाई आफूमा उतार्ने प्रेरणा प्राप्त गर्दछ भने निरामिष तिर लैजान्छ अर्थात मुक्ति तर्फ लैजाने ढोका खुल्दछ। जब कोही ब्यक्ति साधना गरेर भगवानको धर्म तरंग झैं आफूमा पनि धर्म तरंग उत्पन्न गरेर उहाँसंग समरस भयो भने त्यही निरामिष दर्शन हुन्छ । भक्त भववन्धनबाट मुक्त हुन्छ । किनकि यस्तो अभ्यासले आफ्नो सारा भव-संस्कारलाई निर्जरा बनाउँदछ ।

भगवानको समयमा केही यस्ता सम्बन्धित घटनाहरू घटेका छन् त्यसबाट राम्ररी बुझ्न सकिन्छ ।

आफ्नो पूर्व कर्म अनुसार मानिसहरूले सुन्दर र रुपवान शरीर प्राप्त गर्दछन् भने त्यस्तै पूर्व कर्म कै अनुसार असुन्दर शरीर प्राप्त गर्दछ। पूर्व कर्म पूण्यमय थियो भने सुन्दर आमा-बुबाको संसर्गमा सम्पर्क हुन्छ र गर्भावस्था र जन्म हुँदा कुनै बिघ्न बाधा नभईकन सर्वांग-सुन्दर शरीर प्राप्त गर्दछ। बोधिसत्व सिद्धार्थ गौतम पनि अनेकौं जन्मदेखिको असीम पूण्य पारमिता संचय गर्दै जन्मिएको भएर अत्यन्त सुन्दर थियो । अत्यन्त आकर्षक ठूला-ठूला आँखा, मनमोहक चट्ट मिलेको आँखी भौं, दुई आँखी भौंको बीचमा सेतो कपास टाँसिएको झैं रौं, लामो नाक, पातलो गुलाबी ओंठ, सेतो र टम्म मिलेको दाँत, लामो जिब्रो, सिंहको जस्तो थुतुनो, मजबूत शरीर, कालो-चिल्लो केश, उभिंदा घूँडासम्म छुने हात, लामो-पातलो-सुन्दर औंलाहरू, फराकिलो निधार र सुवर्ण झैं चम्किलो छाला। यस्तो सबै गुण मिलाउँदा एक टकले हेरिरहुँ जस्तो लाग्ने ब्यक्तित्वले जो कोहीलाई पनि आकर्षित बनाउँथ्यो ।

यस्तो मनमुग्ध पार्ने रुप-माधुर्यको धनी राजकुमार सिद्धार्थ सारथी छन्दको रथमा बसेर नगर भ्रमण गरेर उद्यानमा फर्के । सेवकहरूले उसलाई नुहाईदिए र सुन्दर वस्त्र र आभूषणले सजाई दिए। यो उनको जीवनको आखिरी शरीर-सजावत थियो। रथमा बसेर राजमार्ग हुँदै आफ्नो महल तर्फ लागे। राजमार्गको छेउमा एउटा ठूलो महलको बरन्दामा एकजना युवती किसा गौतमी (एकमुट्ठी तोरी माग्ने होइन) उभिरहेकी थिईन । राजकुमारको सुन्दर रुपलाई देखेर उनी विमुग्ध भईन र यस मुग्ध अवस्थामा यस्तो गीत गाईन

**निब्बुता नून सा माता, निब्बुतो नून सो पिता ।**
**निब्बुता नून सा नारी, यस्सायं ई दिस्सो पती ति ॥**

त्यस माताको सारा इच्छा पूर्ण भएर चित्त शान्त भयो होला, त्यस पिताको सारा इच्छा पूर्ण भएर चित्त शान्त भयो होला जसलाई यस्तो पुत्र प्राप्त भयो । त्यस पत्नीको सारा इच्छा पूर्ण भएर चित्त शान्त भयो होला जसलाई यस्तो पति प्राप्त भएको छ ।

Downloaded from http://www.dhamma.digital

कुमारी किसा गौतमी राजकुमार सिद्धार्थको भौतिक शरीर को रुप-माधुरीले मुग्ध भईन परन्तु राजकुमार सिद्धार्थ त्यसै दिनमा बृद्ध, विरामी, मृत शरीर र परिव्राजक लाई देखेर यस संसारको प्रति उनको मन वैराग्यको भावले भरिएको थियो । निब्बुता शब्द सुन्ने वित्तिकै उनको कानमा निर्वाण शब्दको तरंग गुन्जियो । सारा शरीर र मन शिरिङ्ग गऱ्यो । मनमा बिजुलीको करण्टले झैं बिझ्यो । निब्बुताको अर्थ त त्यही हो जसको भित्र राग, द्वेष, मोहको अग्नि पूर्णतया बुझिसकेको छ। यो कुमारीले निर्वाण प्राप्त गर्न मलाई प्रोत्साहित गरिरहेकी छिन् । मुक्तिको मार्गमा प्रोत्साहित गर्ने यो मेरो पहिलो आचार्या हुन् । कृतज्ञताले विभोर राजकुमारले आफूले लगाइराखेको मोतिको बहुमूल्य माला गरुदक्षिणाको रुपमा किसा गौतमीलाई दिन पठाए उनलाई यस्तो लाग्यो कि यो शरीर जीर्ण हुनेछ र समय छँदै यस शरीरको उपयोग गरेर राग, द्वेष, मोहबाट मुक्त भई निर्वाण अवस्थाको साक्षात्कार गर्न सकूँ र जीवन सफल बनाउन सकूँ। त्यही रात नै परम सत्यको खोजी गर्न सिद्धार्थ राजकुमारले घर त्याग गरे। अनोमा नदी तरेर गए, आफ्नो सुन्दर कपाल काटेर फ्याँके । सुन्दर महँगा वस्त्र र आभूषण त्यागेर भिक्षुको गेरु वस्त्र धारण गरे र मुक्तिको खोजीमा अगाडि बढे । उता ती सुन्दरी किसा गौतमी राजकुमारले पठाएको बहूमूल्य माला पाएर यस्तो सम्झीर हीन् कि मेरो प्रणय-निवेदनलाई स्वीकार गरेर उपहार स्वरूप यो माला पठाएको होला । उसले योनिसो- मनसिकार चिन्तन नै गरेन, ठीक तरिकाले चिन्तन नै गरेन; रूप माधुरीको सामिष दर्शन गरेर त्यस कामिनीको अंग-अंगमा वासनाको रंग छायो । उनलाई त्यस दर्शनबाट के प्राप्त भयो ? भववन्धन बाँध्ने माला मात्र प्राप्त भयो, भवमुक्ति होइन ।

युवा योगी सिद्धार्थ गौतमले छः वर्षसम्म विभिन्न प्रकारको साधना विधि अपनाएर हेरे । असीम कायाकष्ट दिने मार्ग पनि अपनाएर हेरे। तर त्यसबाट उनलाई भवमुक्ति प्राप्त भएन तब आफ्नै प्रयत्नले मुक्तिदायिनी विपश्यना साधना खोजेर निकाले । यसैको अभ्यास गरेर निरञ्जना नदीको छेउमा रहेको वोधिवृक्षको मुनि परम सत्य निर्वाणको साक्षात्कार गरे । सम्यक सम्बोधि प्राप्त गरे। जन्म-जन्मको भववन्धनबाट मुक्त भए। यस निर्वाणिक सुखको अवस्थामा बोधिवृषको मुनि र त्यसको वरिपरि रहेर सात हप्ता सम्म बिताए पछि यो कल्याणकारी विद्या संसारका दु:खी मानिसहरूलाई बाँड्ने निर्णय गरे। आफ्ना पुराना पाँचजना साथिहरूलाई बाँड्नका लागि ऋषिपत्तन, वाराणसी तर्फ लागे ।

जब शरीरलाई दण्ड दिने निरर्थक साधना विधिको अभ्यास गरेका थिए त्यसबेला उनको शरीर सुकेको थियो। सुन्दर सुवर्ण छाला नराम्रो बनेको थियो । प्रज्वलित सुन्दर मुहार मुर्झाएको थियो । तर मध्यम मार्ग अपनाएर जब विपश्यना साधना गर्न थाले तब शरीर फेरि पहिला झैं सुन्दर बनेको थियो । सम्यक् सम्बोधि प्राप्त गरे पछि त यो सौन्दर्य झन बढेको थियो। केवल मुहारमा मात्र होइन, शरीरका अंग अंगमा अलौकिक कान्ति प्रभा प्रस्फुटित हुन थालेको थियो भगवान ऋषिपत्तन तर्फ जाँदै हुनुहुन्थ्यो। बाटोमा उपक नामको एकजना नग्न आजीवक सन्यासी संग भेट भयो । भगवानको मुहारमा देखेको कान्ति र शान्ति देखेर ऊ निक्कै प्रभावित भए। ऊ आकर्षित भएर भगवानको छेउमा गएर प्रश्न सोधे :

"श्रमण ! तिम्रो आँखा र मुहार अत्यन्त शान्त र प्रभापूर्ण छ । तिमीलाई के प्राप्त भयो ? तिम्रो आचार्य को हो ?"

भगवानले भन्नु भयो, "मलाई सम्यक् सम्बोधि प्राप्त भएको छ । म स्वयं आफ्नो आचार्य हूँ ।"

उपकले फेरि सोध्यो, "के त्यसो भए तिमी अर्हत हौ ? अनन्त जिन भयौ ?"

भगवानले सहजभावले स्वीकृति दिनुभयो, "हो, भाइ ! म अर्हत भइसकें । अनन्त जिन भईसकें ।"

उपकले सोचे कि आजको युगमा पनि कोही अनन्त जिन कसरी हुन सक्छ ? उसलाई विश्वास लागेन र भने, "होला !" र उपेक्षा गर्दै आफ्नो बाटो लागे ।

आजीवक उपकले त्यस समय भगवान बुद्धको दर्शन त गरे, तर त्यो दर्शन निरामिष थिएन । त्यसैले जुन लाभ पाउनु पर्ने हो त्यो प्राप्त भएन ।

पछि उपकले बाटो बिराए । परिव्राजकको जीवन त्यागेर एकजना शिकारीको सुन्दर छोरी चम्पाको प्रेममा फसे र उसंग विवाह गरे । आफू पनि शिकारीको घृणित जीवन जिउन थाले । समय बिते पछि एउटा छोरो पनि पाए। परन्तु उनको स्वास्नी चम्पा भने परिव्राजकको जीवन त्यागेका पतिलाई बरोबर छेड हान्ने गर्दथीन् । उसको कडा बोलिले चित्त दुखाएर घर छोडर हिंडे । धेरै बर्ष अगाडि जुन अनन्त जिनसंग भेटेको थियो अब उनैको शरण गए र ऊ संग विपश्यना साधना सिके । भगवानको दर्शन निरामिष हुनुपर्छ । विपश्यनाको आधारमा धर्म तरंगको स्तरमा हुनुपर्छ, तब नै दर्शन सार्थक हुन्छ । उपकले शीघ्र नै अनागामी अवस्था प्राप्त गरे र पछि अर्हत भए। साकार भौतिक शरीरको दर्शन उपकले पहिला पनि गरेका थिए तर मुक्ति त निराकार आध्यात्मिक दर्शनबाट भयो ।

धर्मचक्र प्रवर्तन गर्नका लागि आफ्ना पुराना पाँचजना साथीहरूलाई करुणापूर्ण चित्तले शुद्ध धर्म बाँड्नको लागि भगवान ऋषिपतन पुग्नुभयो। पाँचैजनाले भगवानलाई टाढैबाट देखे। उहाँको शरीर पहिलाको झैं सुकेको थिएन, अस्थि-पञ्जर जस्तो थिएन । शरीरमा हाड देखिँदैनथ्यो । उनीहरूले सम्झे कि यो साधनाच्यूत गौतम त हामी कहाँ नै आईरहेछ। यो राजपरिवारमा जन्मिएको हो त्यसैले बस्नको लागि एउटा आसन भने दिन सक्छौं, तर अन्य मान-सन्मान, आदर सत्कार भने केहि दिदैनौं। त्यस समय भारतमा एउटा ठूलो समुदाय यस्तो मान्यता मान्दथ्यो कि शरीरलाई दण्ड दिएमा

Downloaded from http://www.dhamma.digital

मुक्ति प्राप्त हुन्छ । र यी पाँच जना साथीहरूले देखे कि यो ब्यक्तिले शरीरलाई दण्ड दिने तपस्या छोडे त्यसैले यो ब्यक्तिले अब मुक्ति प्राप्त गर्न सक्दैन । यस मिथ्या धारणाबाट सबैजना प्रभावित थिए । परन्तु असीम करुणा र मैत्रीको किरण प्रकाशित गर्दै जब भगवान बुद्ध नजिकै आउँदै गए तब यी पाँचैजना अधिक प्रभावित हुँदै गए । उनीहरूले आफूले लिएको निर्णय बिर्से र भगवानको सत्कारमा लागे । आदर र श्रद्धापूर्वक भगवानको उपदेश सुने । शरीरलाई सुख दिने र शरीरलाई दुःख दिने दुई अतिका मार्ग बीचको बाटो अपनाएर अभ्यास गरि हेरे र पहिलो दिनको प्रशिक्षणमा नै कोडण्य स्रोतापन्न भए । दोस्रो, तेस्रो, चौथो र पाँचौं दिन भगवानले वप्प, भद्दिय, महानाम र अश्वजितलाई साथमा राखेर विपश्यना साधना सिकाउनुभयो र उनीहरूले पनि एक पछि अर्को गर्दै स्रोतापन्न अवस्था प्राप्त गरे । छैठौं दिन पाँचैजनालाई विपश्यनाको अगाडिको अभ्यास सिकाउनु भयो र पाँचै जनाले अर्हत अवस्था प्राप्त गरे ।

उनीहरूका लागि भगवानको पहिलो दर्शन निरामिष थिएन तर जति जति निरामिष हुँदै गयो पाँचै जना विशुद्धिको मार्गमा अगाडि बढ्दै जीवन मुक्त भए । स्वयं वोधिसत्व सिद्धार्थ गौतमले पनि जब धर्म दर्शन गर्न सके तब नै बुद्ध भए । वैशाख पूर्णिमाको रात, निरंजना नदीको किनारमा, बोधिवृक्षको मुनि जब विपश्यना साधनाको अभ्यास द्वारा अनेक पूर्व जन्मको साक्षात्कार भयो तब थाहापाए कि यस भव संसारमा पटक-पटक जन्म दिने प्रत्येक मृत्यु पछि फेरि एउटा नयाँ शरीर रुपी घर बनाई दिने गृहकारक को होला ? यसको खोजीमा कति जन्म बिताएँ, तर सफलता पाएन । बार-बार कुनै न कुनै लोकमा दुःखमय जीवन पाउँदै गयो । किनकि कुनै साकार सृजनकर्ताको खोजी गर्दै थियो । जब विपश्यना द्वारा सत्यधर्म अर्थात ऋतको दर्शन भयो तब कुरो बुझे । सत्य नै ईश्वर हो । परम सत्य नै परमेश्वर हो । आफ्नो अनुभवले प्रकृतिको सारा कानुन थाहा पाए । भव-संसार कसरी बन्दो रहेछ ? कसरी बढ्छ ? कसरी घट्छ ? कसरी समाप्त हुन्छ ? तब सत्यको दर्शन गर्दै सम्यक् सम्बोधि प्राप्त भयो र भवचक्रबाट विमुक्ति प्राप्त भयो ।

विपश्यना शिविरहरूमा पनि ध्यान गर्दा कहिले कांही कोही साधकहरूले भ्रामक साकार रुपको दर्शन गर्दछ, यस्तो घटना हुन्छ, जुन आफ्नो मन भित्र परेको परम्परागत मान्यताको बाहिरी छाप मात्र हो । यो सत्य बाट धेरै टाढा हुन्छ । जस्तो कसैलाई ध्यानको समयमा कुनै "आत्मा" को दर्शन हुन्छ जुन आफ्नो शरीरको साईजको हुन्छ । त्यस्तै कसैलाई हृदयको अँध्यारो गुफामा अगुष्ठ प्रमाण "आत्मा", कसैलाई तिल जत्रो, कसैलाई केश झैं मसिनो आत्माको दर्शन हुन्छ । भारतीयहरूलाई आफ्नो ग्रन्थमा लेखिएको चित्र झैं शरीरको माथिल्लो नाङगो भागमा आईमाईले झैं विभिन्न गहनाहरू लगाएको, दाढी-जूँगा नभएको ईश्वरको दर्शन हुन्छ भने पश्चिमेलीहरूलाई लामो लुगा लगाएको सेतो दाढी-जूँगा भएको ईश्वरको दर्शन हुन्छ । यी मध्ये कसैको दर्शन गरेर पनि आफ्नो मनोविकार अलिकति पनि कम हुँदैन । आफ्नो संदेह हटाउने, भ्रामकतालाई स्पष्ट गर्न यतिले नै पुग्छ । अर्को तर्फ साधकले आफ्नो शरीर र चित्तको प्रपंचको यथाभूत दर्शन गरेर त्यसको अनित्य स्वभावको स्वअनुभव गर्दै, आफ्ना विकारहरूबाट प्रत्यक्ष छुट्कारा पाउँछ र इन्द्रियातीत, नित्य शाश्वत परम सत्यको दर्शन गर्दै आफ्नो चित्त निर्मल बनाउँदछ । यसैबाट थाहा हुन्छ कि कुनै काल्पनिक रुप दर्शनबाट होइन, अन्तरमुखी भएर स्वानुभूति द्वारा निराकार धर्मको, सत्यको दर्शन गरेमा नै हाम्रो स्वस्ति-मुक्ति हुन्छ । यसैमा हाम्रो मंगल छ, हाम्रो कल्याण छ ।

भगवानको अस्सी वर्षको बूढो अवस्था थियो । बैशाख पूर्णिमाको रात थियो । यसै रात भगवानले आफ्नो शरीर त्यागने घोषणा भईसकेको थियो । भगवानले महापरिनिर्वाण प्राप्त गर्नेछ । कुशीनगरको एक छेउमा रहेको एउटा विहारको बाहिर खुल्ला आकाशमा, युग्म साल वृक्षको मुनि विछ्याईएको संघाटीमा भगवान लेटिरहेको थियो । आनन्द भगवानको सेवामा थियो । अन्तिम दर्शन का लागि मानिसहरूको घुईंचो थियो । मानिसहरू भगवानको सन्मानका लागि फूल चढाइरहेका थिए । भनिन्छ त्यस समय त्यस युग्म साल वृक्षमा बिना मौसमका फूल फुलिरहेका थिए र भगवानको शरीरमा झरिरहेका थिए । भक्ति-विह्वल देवगण भगवानमा दिब्य पुष्प र दिब्य चन्दन चूर्ण बर्साउँदै थियो । दिब्य वाद्य र संगीत बजिरहेका थिए । तब भगवानले आयुष्मान् आनन्दलाई सम्बोधित गर्दै भन्नुभयो, "आनन्द ! यो फूलको वर्षा गरेर, वाद्य र संगीत बजाएर यसबाट तथागतको मान-सम्मान, आदर-सत्कार पूजन-अर्चन हुँदैन । तथागतको मान-सम्मान, आदर-सत्कार पूजा-अर्चना तब हुन्छ जबकि कोही भिक्षु या भिक्षुणी, गृहस्थ उपासक अथवा उपासिका सद्धर्मको मार्गमा आरुढ हुन्छ । धर्मानुसार आचरण गर्छ ।"

**एवं हि वो आनन्द ! सिक्खितबन्ति ।**
"आनन्द । यसरी नै सिक्नु पर्छ ।"

भक्ति-भावावेशको बाहिरी प्रदर्शन गर्नुले मात्र कहाँ लाभ पाउँछ ? तथागत सबैलाई लाभ दिलाउन चाहनु हुन्थ्यो । अर्थात शुद्ध धर्मको मार्गमा अगाडि बढेर सम्पूर्ण विकार बाट विमुक्ति दिलाउन चाहनु हुन्थ्यो, सम्पूर्ण दुःखबाट विमुक्ति दिलाउन चाहनु हुन्थ्यो । यस्तो गरेमा नै बुद्धको शिक्षालाई ठीक-ठीक बुझ्यो, ठीक तरिकाले पालन गऱ्यो र ठीक तरिकाले सन्मान गरेको भयो ।

आनन्दले भगवानसंग सोध्यो, "भगवान, तपाईंको यो मृत शरीरलाई के गर्ने ?" भगवानले सम्झाउँदै भन्नुभयो, "जो तथागतका अनेक भक्तजन छन् उनीहरू चितामा जलाईसकेपछि बाँकी रहेको अवशेषहरू माथि स्तूप बनाउछन् र फूल धूप, माला आदिले उसको पूजा-अर्चना गर्छन्, अभिवादन गर्छन् । यसरी केही समयको लागि आफ्नो चित्त निर्मल गर्दछन् र परिणाम स्वरूप लामो समयसम्मका लागि आफ्नो हित-सुख गरेर सद्गति प्राप्त गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

परन्तु तथागतको गम्भीर शिक्षा केवल सद्गतिको लागि होइन । सारा गति भन्दा पर नितान्त विमुक्त अवस्था सम्म लैजानु हो । अत: जो व्यक्ति तथागतको मूल शिक्षालाई बुझेर मुक्तिमार्गमा जान चाहन्छन् उनीहरूका लागि भगवानले भन्नुभयो, "तिमीहरू यस प्रकारको शरीर पूजा गर्ने कामबाट आफूलाई अलग राख र परम सत्यको प्राप्तिमा लाग ।"

परन्तु सबै मानिसहरू तथागतको गम्भीर मन्तब्यलाई राम्ररी बुझ्न सक्दैनन् । सबै जना मुक्ति मार्गमा अगाडि बढ्न पाउँदैनन् । अत: आफ्नो-आफ्नो क्षमता अनुसार तथागतको शिक्षाबाट जति जति लाभ उठाउन सकिन्छ लाभ उठाउनु । जो बुझ्छन् उनीहरूले त परम लाभ प्राप्त गर्छन् । उनीहरू त बुद्ध वन्दनालाई सामान्य वन्दना भन्दा माथि साधना गरेर नै स्थापित गर्छन् । साधना नै सही बुद्ध बन्दना हो । यसैमा नै सबैको कल्याण निहीत छ, मंगल निहीत छ ।

(साभार : जागे मंगल प्रेरणा)

**प्रश्न-उत्तर**

प्र. मानवको विकासमा साम्प्रदायिक, सामाजिक र जातिगत संगठनले के केही काम गर्न सक्छ ?

ऊ. अवश्य दिन सक्छ, यदि यसलाई धर्मको नाम दिएन भने । धर्मको नाम दियो भने भावावेशमा आउन सक्छ, भावावेशमा गर्न नहुने काम पनि गर्नु पुग्छ । यसबाट आफ्नो पनि हानि गर्छ र अरुलाई पनि हानि पुऱ्याउँछ । एउटा समाज, एउटा संगठन, एउटा समूह, एउटा जमात, यीनीहरूको आ-आफ्नो परम्परा छन्, आफ्नो चाड-पर्व छन्, आ-आफ्नो उत्सव छन् र सामूहिक खुसीयाली मनाउँछन् । यसको साथ-साथै मानवीय अधिकारहरूको रक्षा पनि गर्दछन् । संगठीत भएर मानवीय अधिकारहरूको सुराक्षा गर्नु कुनै दोषको कुरा होइन । आ-आफ्नो चाड-पर्व-उत्सव मनाउनु कुनै दोषको कुरा होइन । तर हामी आफ्नो चाड-पर्व मनाएर अर्को समाजका मानवको हृदयमा ठेस पुग्ने काम त गरिरहेका छैनौं, यसको बारेमा सजग हुनु पर्दछ, यस्तो भयो भने विपश्यना साथ रहेको हुन्छ, धर्म साथ रहेको हुन्छ र कुनै हानि हुन पाउँदैन । अन्यथा भावावेशमा आयो भने आफ्नो पनि हानि गर्दछ र अरुको पनि हानि गर्दछ ।

# धर्म गाथा

## हिन्दी

*भाग्य जगे तो बुद्ध का, मंगल दर्शन होय ।*
*जागे श्रद्धा बलवती, श्रवण धर्म का होय ॥*

*शुद्ध धर्म के वचन से, पूण्य उदय हो जाय ।*
*जनम जनम की पारमी, स्वतः प्रकट हो जाय ॥*

*चंचल मन अविचल बने, प्रज्ञा से भर जाय ।*
*जागे बोध अनित्य का, अंग अंग रम जाय ॥*

*सम्यक दर्शन धर्म का, करे अमित उपकार ।*
*मन के संचित मैल का, होवे सहज उभार ॥*

*होवे सहज उदीरणा, सहज निर्जरा होय ।*
*अधोगति के कर्म सब, यहीं क्षीण क्षय होय ॥*

*अमृत का दर्शन करे, होवे स्रोतापन्न ।*
*जीवन में मंगल जगे, होय धर्म सम्पन्न ॥*

मंगल कामना सहित
पारमिता ट्रेडिङ्ग कम्पनी लि.
काठमाडौं, फोन ४२७४१४७
विक्रेता : शीशा र आल्मोनियम च्यानल

## हिन्दी

*रण सहस्त्र योद्धा लडे, जीते युद्ध हजार ।*
*पर जो जीते स्वयं को, वही शूर सरदार ॥*

*देख परायी विजय को, मन प्रेरणा समाय ।*
*हम भी जब विजयी बनें, तो ही विजय मनायँ ॥*

*बैर बैर से ना मिटे, बढे द्वेष दुष्कर्म ।*
*बैर मिटे मैत्री किए, यही सनातन धर्म ॥*

*जहाँ जुल्म अन्याय हो, करें सबल प्रतिकार ।*
*पर अन्यायी के लिए, रहे हृदय में प्यार ॥*

*अंतर में दीपक जला, देख लिया पथ गूढ ।*
*बाहर जग भटकत फिरा, मार्ग नपाया मूढ ॥*

*राग द्वेष से मोह से, जो मन मैला होय ।*
*विपश्यना के नीर से, विरज विमल फिर होय ॥*

मंगल कामना सहित
सीताराम गोकुल मिल्क लि.
काठमाडौं, फोन ४३३०७८८
विक्रेता : दुग्ध तथा दुग्ध पदार्थ


*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ४३७१६५५, ४३७१००७ चैत्र २०६३
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : ४२२५४९०, ४२२३९६८, ४२४८९४९, ४२५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४४३ ४८५०, ४४३ ४७५३; शाखा कार्यालय फोन : ४२५ ९०३२, ४२५ ९४५०, फ्याक्स : (+९७७-१) ४२५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-


साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

Downloaded from http://www.dhamma.digital